नयाँ कोरोना भाइरस संक्रामक रोगका प्रभावका कारणले ब्यवसाय बन्द या बेरोजगार हुन् पुगेर, दैनिक जिबनयापको लागि आर्थिक समस्यामा पर्नुभएको महानुभावहरुलाई

（ネパール語）

2020 सेप्टेम्बर 18

# अस्थाइ ऋणको आपतकालीन कोष सम्बन्धि जानकारी

प्रत्येक प्रान्तको सामाजिक कल्याण परिषदले कम आय भएका परिवारहरूलाई, दैनिक जिबनयापन खर्च जस्ता आवस्यक पर्ने पैसा ऋण दिने कल्याणकारी कोष ऋण प्रणाली लागु गरेको छ ।

यस प्रणाली अन्तर्गत नयाँ कोरोनाभाइरस संक्रामक रोगको प्रभावले गर्दा , कम आय भएका परिवारहरू बाहेक अन्य परिवारहरूलाई पनि ऋण दिने लक्षित समुहलाई बिस्तार गरि,ब्यवसाय बन्द या बेरोजगार हुन् पुगेर दैनिक जिबनयापको लागि आर्थिक समस्यामा परेका व्यक्तिहरुलाइ लक्षित गरिएका, आपतकालीन सानाकोषहरुको बिशेष ऋण प्रदान गर्दछ

बिशेष ऋण सम्बन्धि बृस्तित विवरणहरुको लागि पछाडी हेर्नु होला । त्यसैगरि, बृस्तित विवरणहरु बुझ्नको लागि निम्न स्थानमा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

## ऋण आवेदनको प्रक्रिया




**आवेदन ठेगाना** **सामाजिक कल्याण निगम सेन्दाई समाज कल्याण परिषद**

**कृपया फोन द्वारा सोधपुछ तथा परामर्श लिनुहोस ।**

**प्रत्येक्ष रुपमा परामर्शको लागि नआउनुहोला ।**

070-1398-1681 / 070-3105-3485
080-9190-5476 / 090-6088-4507
080-9190-2546 / 080-7998-2206
080-4478-5025 / 090-6071-5795

**खुल्ने समय （कार्यालय दिन 9:00～16:00)**

**माथिको सम्पर्क ठेगाना जुलाई 2020 डिसेम्बर अन्त्य सम्मको लागि रहने छ।**

※ दोभाषे सुबिधा आवस्यक पर्ने व्यक्तिले सेन्दाई बहुसांस्कृतिक समाज केन्द्र 「दोभाषे सहयोगी टेलीफोन」 022-224-1919（9:00～17:00） मा सम्पर्क गर्नुहोला

## मुख्य रूपमा ब्यवसाय बन्द भएकाहरूको लागि (आपतकालीन साना कोष)

赤字は従来の要件を緩和したもの。

हामी तत्कालका लागि अस्थाइ रुपमा, जीवन धान्न कठिनाइ भएको अवस्थामा थोरै रकमको ऋण सहायता उपलब्ध गराउदछौं ।

■ लक्षित समुह
नयाँ कोरोना भाइरसको प्रभावले गर्दा अस्थायी रुपमा काम ब्यवसाय बन्द इत्यादिका कारण आम्दानीमा कमी आएको परिवारहरू, जसलाई आफ्नो जीविका चलाउन तत्काल ऋणको आवश्यक परेको छ ।
※अहिले सम्म आम्दानि कम भएको परिवारमा मात्र सिमित रहेकोमा अहिले अरुमा पनि बिस्तार गरिएको छ।
※नयाँ कोरोनाका कारण आय घटेमा, ब्यवसाय बन्द नभएका हरुमा पनि यो लागु हुनेछ ।

■ अधिकतम ऋण रकम
- <u>स्कुल लगायतका ब्यवसाय बन्द, स्वरोजगार भएका व्यक्ति आदिको बिशेष अवस्थामा 2 लाख वा सो भन्दा कम</u>
- <u>त्यस भन्दा बाहेकको अवस्थामा 1 लाख वा सो भन्दा कम</u>

※बिशेष परिस्थितिको लागि, तपाईले पछि तिर्ने गरि 2 लाख एन सम्म पैसा लिन मिल्ने सुबिधा उपलब्ध भएको छ ।

■ लागु अवधि
<u>1 वर्ष भित्र</u>
※यो अहिले चलेको 2 महिना सम्मको सिमालाइ बिस्तार गरिएको नीति हो

■ फिर्ता गर्ने अवधि
<u>2 वर्ष भित्र</u>
※यो अहिले चलेको 12 महिना सम्मको सिमालाइ बिस्तार गरिएको नीति हो

■ यस ऋणको ब्याज तथा गारंटरको आवस्यक पर्दैन

■ आवेदन ठेगाना
सेन्दाई समाज कल्याण परिषद

## मुख्यतया बेरोजगार व्यक्तिहरूको लागि । (बृहत सहायता कोष)

※ बृहत कोष भित्रको जीवनयापन सहायता रकम

तपाइलाइ दैनिक जिबन यापन पूर्वस्थानमा नफर्के सम्म आवस्यकता पर्ने खर्चहरुको लागि ऋण देइनेछ ।

■ लक्षित समुह
<u>नयाँ कोरोनाभाइरसबाट प्रभावित परिवारहरू जसलाई कम आय र बेरोजगारीका कारण आफ्नो दैनिक जीवन धान्न कठिनाई भइरहेको छ</u>
※अहिले सम्म आम्दानि कम भएको परिवारमा मात्र सिमित रहेकोमा अहिले अरुमा पनि बिस्तार गरिएको छ ।※नयाँ कोरोनाका कारण आय घटेमा, ब्यवसाय बन्द नभएका हरुमा पनि यो लागु हुनेछ ।

■ अधिकतम ऋण रकम
- (दुइ जना भन्दा बढी) महिनाको 2 लाख भन्दा कम
- ( एकल व्यक्ति ) महिनाको 1 लाख 50 हजार भन्दा कम

ऋणलिने अवधि : सामान्यतया 3 महिना भित्र

■ लागु अवधि
<u>1 वर्ष भित्र</u>
※यो अहिले चलेको 6 महिना सम्मको सिमालाइ बिस्तार गरिएको नीति हो

■ फिर्ता गर्ने अवधि
10 वर्ष भित्र

■ यस ऋणको ब्याज तथा गारंटरको <u>आवस्यक पर्दैन</u>

■ आवेदन ठेगाना
सेन्दाई समाज कल्याण परिषद

「विदेशी राष्ट्रियता भएका व्यष्ट्ततहरुको हकमा, भभसा स्टाटस चाँहि 「सामान्तय स्थायी ननिासी」 वा 「 विशेष स्थायी निवासी」 यी दुइ स्टाटस भएका व्यष्ट्ततहरुले मात्र बृष्ट्स्तत सहायता कोषको उपभोग गनक पाउनेछन ।

नयाँ परिस्थिति रूपमा, यी विशेष उपायहरू नगरपालिका करबाट छुट पाउने तथा आय घट्न जारी रहेको घरपरिवारलाई भुक्तानीमा छुट दिइन्छ।